काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

बैठक संख्या - ५२

आज मिति २०८२/०२/१८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

| | |
|---|---|
| १. श्री राजु थापा | - अध्यक्ष |
| २. श्री तेज बहादुर थापा | - उपाध्यक्ष |
| ३. श्री खड्क बहादुर थापा | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री विद्यापति शर्मा | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री फुल बहादुर वि.क. | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री लक्ष्मण पुन | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री श्यामनाथ कडेल | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री बृहस्पति शर्मा | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री प्रेम बहादुर जि.सी. | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रमानन्द कँडेल | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री टिका संगम वि.क. | - ~~वडा अध्यक्ष वडा नं~~ कार्यपालिका सदस्य |
| १२. श्री भुमा देवी पुन | - कार्यपालिका सदस्य |
| १३. श्री सुरत लाल वि.क. | - कार्यपालिका सदस्य |
| १४. श्री पूर्णमाया सुनार | - कार्यपालिका सदस्य |
| १५. श्री गिता देवी वि.क. | - कार्यपालिका सदस्य |
| १६. श्री देवी थापा मगर | - कार्यपालिका सदस्य |
| १७. श्री धुर्ब बहादुर कार्की | - प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :-

| | |
|---|---|
| १. श्री माधव शर्मा | - लेखा अधिकृत |
| २. श्री मनोज कार्की | - प्रशासन शाखा प्रमुख |
| ३. श्री अंचल थापा | - ,, |

**निर्णयहरू:-**

**निर्णय नं. १.**

क) काठेखोला गाउँपालिकाको केन्द्र काठेखोला गाउँपालिका वडा नं. २ अक्षेते तथा वडा नं. ६ को सुल्डाँडामा राख्ने गरी गाउँ सभाको १७ औ अधिवेशनको तेस्रो बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरीयो।

ख) काठेखोला गाउँपालिकाको प्रशासकीय भवन काठेखोला गाउँपालिका वडा नं. ६ सुल्डाँडा (आम्पाटा) मा निर्माण गर्ने गरी गाउँ सभाको १७ औ अधिवेशनको तेस्रो बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

ग) काठेखोला गाउँपालिका स्तरीय अस्पताल, सभाहल लगायत अन्य संरचनाहरू काठेखोला गाउँपालिका वडा नं. २ अक्षेते बजारमा निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. २.**

काठेखोला गाउँपालिका वडा नं. ५ को वडा कार्यालयबाट चलानि नं. १०४८, मिति २०८२/०३/१७ गतेको प्राप्त पत्रानुसार वडा नं. ५ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रको लागि निःशुल्क जग्गा प्राप्त भएको र उक्त जग्गा वर्गिकरण गर्दा कृषिमा वर्गिकरण गरिएकोमा तपसिल अनुसारको जग्गालाई आवासमा वर्गिकरण गर्न कार्यपालिकाको निर्णय गरिदिनुहुन भनि लेखि आएकोले वडा कार्यालयको माग अनुसार आवासमा वर्गिकरणको लागी सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो।

**तपसिल:-**

| वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| ५ | १००९ | १-०-०-० | |
| ५ | १०१० | १-३-२-० | |
| ५ | ४६६ | ७-१५-३-२ | |
| ५ | ७६४ | ३-०-०-० | |

**निर्णय नं. ३. विविध**

क) काठेखोला गाउँपालिकाको तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८२ असार २० गते गर्ने गरि तयारी गरिएकोमा आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

ख) वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत आ.व. ०८२/८३ को शिक्षा तर्फ शसर्त शिर्षकमा सेनेटरी प्याड खरिदमा रहेको रकमबाट सेनेटरी प्याडको शिलबन्दी बोलपत्र गरिएकोमा उक्त शिर्षकको रकम बाँकी रहेकोले बाँकी रकमबाट सेनेटरी प्याड खरिद प्रकृया अगाडी बढाईएकोमा आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

काठेखोला गाउँपालिका वडा नं. ६ साविक बिहुँकोट गा.वि.स. वडा नं. ४ पिडाल्नामा मिति १९९५ पौष १४ गते जन्मनु भई आजिवन नेपाली राजनीति र सामाजिक सेवामा आफ्नो जिवन समर्पण गर्नुभएका नेपाली राजनीतिका एक आदर्श व्यक्तित्व प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ वाट निर्वाचित प्रतिनिधि सभाका भूतपूर्व सदस्य श्री गोविन्द प्रसाद शर्मा कँडेलको मिति २०८२ असार १५ गते आईतवार ८७ वर्षको उमेरमा भएको असायमिक निधनले काठेखोला गाउँपालिकामा अपूर्णिय क्षेति पुगेको छ। यस दुखद घडीमा स्वर्गिय कँडेल प्रति गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ। साथै शोक सन्तप्त परिवार एवम् आफन्तजन प्रति हार्दिक समवेदना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरिन्छ।